# राष्ट्रिय मानव अधिकार आयोग

## हरिहरभवन, ललितपुर

### संवाहक छपाई सम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६/०८/५**

यस आयोगको लागि आवश्यक संवाहक (मानव अधिकार जर्नल) छपाई सम्बन्धी सिलबन्दी दरभाउपत्रद्वारा गर्नु परेकाले देहायका शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

दरभाउ सम्बन्धी विवरण

| क.स | छपाई सम्वन्धी विवरण | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | संवाहक (मानव अधिकार जर्नल) छपाई/प्रकाशन | प्रति पटक एक हजारका दरले तीन पटकमा जम्मा तीन हजार प्रति | |

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि २०७५/०८/१९ सम्म कार्यालय समयभित्र रु. १०००।- (फिर्ता नहुने गरी) को आम्दानी रसिद निवेदनसाथ संलग्न राखी दरभाउपत्रदाता वा निजको प्रतिनिधिले प्रशासन महाशाखाबाट दरभाउपत्र खरिद गर्न सक्नेछन्। दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व. २०७६/०७७ का लागि नवीकरण गरिएको कम्पनी दर्ता प्रमाण पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, तथा आ.व. २०७५/०७६ को करचुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राखी यस आयोगको नाममा दरभाउपत्र फारम खरिद गर्न पाउँ भन्ने निवेदन पेश गर्नु पर्नेछ। सो कागजातहरु पेश नगर्ने निवेदकले दरभाउपत्र खरिद गर्न पाउने छैन।

२. दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि मिति २०७६/०८/१९ गतेसम्मको कार्यालय समयभित्र खरिद गरिसकी २०७६/०८/२०गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। प्राप्त भएका दरभाउपत्रहरु २०७६/०८/२० गते दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस आयोगमा खोलिने छ। दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. सिलबन्दी दरभाउपत्र साथ बोलपत्र जमानत वापतको रकम रु १६,१७०।- (अक्षेरेपी सोह हजार एक सय सत्तरी रुपैया मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाममा नेपाल बैंक लि. गाबाहाल ललितपुरमा रहेको धरौटी खाता नं ०१८०२०००००००३००००५१ मा दाखिला गरेको सक्कलै भौचर वा कम्तिमा ७५ दिन म्याद भएको (सिलवन्दी पत्र बुझाउने अन्तिम मितिदेखि) बैंक ग्यारेन्टि (विडवण्ड) पेश गर्नु पर्नेछ।

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोहि समयमा गरिनेछ।

५. छपाई सम्बन्धी कार्यमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात दरभाउपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

६. दरभाउपत्रदाताले छपाई गर्ने संवाहकको स्पेशिफिकेशन दरभाउपत्रसाथ उपलब्ध गराइनेछ। साथै यस सम्बन्धमा अन्य विस्तृत कुरा बुझ्न परेमा प्रशासन महाशाखामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ

७. रीत नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाहि हुने छैन।

८. स्वीकृत दरभाउपत्रदाताले संवाहक छपाई गर्दा स्वीकृत स्पेसिफिकेसन बमोजिम गुणस्तरयुक्त भए नभएको सम्बन्धमा प्राविधिकबाट जाँचबुझ गराएर मात्र स्वीकार गरिनेछ भने उक्त संवाहक पटक पटक गरी तीन पटकमा छपाई/प्रकाशन गर्नुपर्नेछ।

९. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलवन्दी दरभाउ फाराममा उल्लेख गरे बमोजिम हुनेछ।

१०. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पूर्ण कर दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

११ कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा निहित रहने छ।